# बार्षिक नबिकरण सामुहिक म्यादी जीवन योजना (मुनाफा रहित)

UnionLife
INSURANCE CO. LTD.
जीवन अमूल्य छ, सुरक्षित गर्नुहोस्


**Corporate Office:**
P.O.B No.: 104, New Baneshwor, Ktm, Nepal
Tel: 01-4784758, 01-4786225, 4786339
Fax: 01-4785926, Toll Free No.: 1660-01-05555
Email : info@unionlife.com.np
Web: www.unionlife.com.np

# बार्षिक नबिकरण सामुहिक म्यादी जीवन योजना (मुनाफा रहित)

बार्षिक नबिकरण सामुहिक म्यादी जीवन बीमा मुनाफा रहित बीमा योजना हो । बीमालेख परिपक्व भएमा कूनै रकम भूक्तानी गरिने छैन र बीमा अवधि भित्र बीमितको मृत्यु भएमा बीमाङ्क रकम बराबर भुक्तानी गरिनेछ । यस बीमा योजनामा सरिक हुन न्यूनतम समूह संख्या २५ जना हुनुपर्नेछ ।

## बीमालेखका विशेषताहरु:

| | | |
|---|---|---|
| बीमाङ्क रकम: | : न्यूनतम | - रु. ५०,०००/– |
| | : अधिकतम | - रु. २,०००,०००/- |
| प्रबेश उमेर: | : न्यूनतम | - १६ वर्ष |
| | : अधिकतम | - ६४ वर्ष |
| बीमा शुल्क भुक्तानी अवधिको अधिकतम उमेर | : ६५ वर्ष | |
| बीमा शुल्क भुक्तानी अवधि | : न्यूनतम | - १ वर्ष |
| | : अधिकतम | - १ वर्ष |
| बीमाशुल्क भुक्तानी तरिका | : बार्षिक | |
| बीमितको न्यूनतम समूह संख्या | : २५ जना (प्रति व्यक्ति प्रति हजार रु १।०० थप गरि १० जनाको समूह) संख्यालाई समावेश गर्न सकिनेछ । | |
| उमेर गणना गर्ने तरिका | : नजिकको जन्मदिन (Age Nearer Birthday) | |

## बीमा सुविधा

क) **जीवित रहेमा (In Case of survival) :** बीमा अवधि समाप्ति पश्चात् कुनै रकम भुक्तानी गरिने छैन ।

ख) **निधन भएमा (In Case of Death) :** बीमा अवधि भित्र बीमितको मृत्यु भएमा बीमाङ्क रकम र किरिया खर्च वापत बीमाङ्क रकमको २५% वा रु.२००,०००/- सम्म जुन घटी हुन्छ सो रकम भुक्तानी गरिनेछ ।

ग) **दुर्घटनाबाट मृत्यु भएमा/In Case of Death Due to Accident (ADB) :** बीमा अवधि भित्र बीमितको दुर्घटनाको कारण बाट मृत्यु भएमा बीमाङ्क रकम र बीमाङ्क रकमको ५ गुणा वा रु ५,०००,०००/- सम्म जुन घटी हुन्छ सो रकम भक्तानी गरिनेछ । यो सुविधा लिनको लागि बीमाङ्क रकममा प्रति हजार रु. १/- थप बीमाशुल्क भुक्तानी गनुपर्नेछ ।

घ) **दुर्घटना बाट पूर्ण वा आंशिक स्थायी अंगभंग भएमा/Partially or Total Permanent Disability Due to Accident (TPD) :** बीमा अवधि भित्र बीमितको दुर्घटना कारण बाट पूर्ण वा आंशिक स्थायी अंगभंग भएमा तोकिएको प्रतिशतमा बीमाङ्क रकमको ५ गुणा वा रु ५,०००,०००/- सम्म जुन घटी हुन्छ सो रकम भक्तानी गरिनेछ । यो सुविधा लिनको लागि दुर्घटना मृत्यु लाभ सुविधा लिएको हुनुपर्ने साथै बीमाङ्क रकममा प्रति हजार रु १/- थप बीमाशुल्क भुक्तानी गनुपर्नेछ ।

ङ) **दुर्घटना औषधोपचार खर्च सोधभर्ना/Accidental Medical Expenses Reimbursement (AMR) :** यदि दुर्घटनाको परिणाम स्वरुप घाउचोटको कारणले बीमितलाई चिकित्सकको उपचार, अस्पताल सेवाको प्रयोग वा अस्पतालमा हुँदा इजाजत प्राप्त वा स्नातक नर्सको सेवा आवश्यक परेमा त्यस्तो चिकित्सकको उपचार शुल्क, अस्पताल शुल्क वा नर्सको शुल्क वापत, दुर्घटना भएको बाउन्न (५२) हप्ता भित्रको औषधोपचार खर्च सोधभर्ना स्वरुप रु. ३००,०००/- वा बीमाङ्क रकमको २०% ले हुन आउने रकम मा जुन कम हुन्छ सो रकम बीमितलाई भुक्तानी गरिनेछ । यो सुविधा प्राप्त गर्नको लागि बीमितले अनिवार्य रुपमा दुर्घटना मृत्यु लाभ (ADB) सुविधा लिएको हुनुपर्नेछ ।

च) **दुर्घटना साप्ताहिक अशक्तता लाभ/Accidental Weekly Indemnity(AWI) :** यदि दुर्घटनाको परिमाण स्वरुप भएको घाउचोटको कारणले बीमित कम्तिमा २४ घण्टा सम्म अस्पतालमा चिकित्सकको निरन्तर उपस्थितिमा रहि बीमित पूर्ण अशक्त भएमा र लगातार लुप्त अवधि (Elimination Period) १ हप्ता (७ दिन) भन्दा बदी अवधि सम्म अशक्त भईरहेमा साप्ताहिक दुर्घटना लाभ रकम आर्जित हप्ताभरी आम्दानीको ७५ प्रतिशत भन्दा बढी नहुने गरि वा बीमाङ्क रकमको ०.७५ प्रतिशत वा रु.७,५००/- जुन कम हुन्छ लुप्त अवधि पछिको प्रथम दिन देखि शुरु गरि, आवधिक रुपमा लगातार अशक्तता कायम रहेको अवधि सम्म भुक्तानी गर्नेछ तर त्यस्तो भुक्तानी अवधि अधिकम ५२ हप्ता भन्दा बढी हुने छैन । यो सुविधा प्राप्त गर्नको लागि बीमितले अनिवार्य रुपमा दुर्घटना मृत्यु लाभ (ADB) सुविधा लिएको हुनुपर्नेछ ।

## समर्पण मूल्य/चुक्ता मूल्य/कर्जा

यस बीमालेख अन्तर्गत समर्पण मूल्य/चुक्ता मूल्य/कर्जा सुविधा उपलब्ध हुने छैन ।

## स्वास्थ्य परिक्षण

बीमाङ्क र उमेरको आधारमा नियमानुसार स्वास्थ्य परिक्षण गर्नुपर्नेछ । स्वास्थ्य परिक्षण शुल्क बीमित आफैले व्यहोर्नु पर्नेछ ।

## पूरक करार सुविधा

क) दुर्घटनाबाट मृत्यु लाभ (ADB)

ख) दुर्घटनाबाट पूर्ण वा आंशिक स्थायी अंगभंग लाभ (Total / Partially Permanent Disability )

ग) दुर्घटना औषधोपचार खर्च सोधभर्ना/Accidental Medical Expenses Reimbursement (AMR)

घ) दुर्घटना साप्ताहिक अशक्तता लाभ/Accidental Weekly Disability Indemnity (AWI)